# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सव-इन्जिनियर उषा किरण रोकाया र गोदार इन्जिनियरिङ कन्सल्टेन्सी सेवाका सुरज कुँवर समेतले घर निर्माण सम्पन्न प्रमाणपत्र दिलाउने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिई गएको टोलीले निज सव-इन्जिनियर उषा किरण रोकाया र कन्सल्टेन्सी सेवाका सुरज कुँवरलाई सेवाग्राहीबाट रु.१,५०,०००।-(एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा मिति २०८०।१२।२८ गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा पोखरा महानगरपालिकाका इन्जिनियर शिव प्रसाद बराल, सव-इन्जिनियर उषा किरण रोकाया र गोदार इन्जिनियरिङ कन्सल्टेन्सी सेवाका सुरज कुँवरसमेतको मिलेमतोमा घर निर्माण सम्पन्न प्रमाणपत्र दिनको लागि रु.३,५०,०००।—(तीन लाख पचास हजार रुपैयाँ) घुस/रिसवत माग गरी रु.२,००,०००।—(दुई लाख रुपैयाँ) प्रतिवादी सुरज कुँवरमार्फत लिई लिन लगाई उक्त रकम सुरज कुँवरले प्रतिवादी उषा किरण रोकायालाई दिएको र निज उषा किरण रोकायाले इन्जिनियर शिव प्रसाद बराललाई दिई/लिई निज शिव प्रसाद बरालले उक्त रु.२,००,०००।—(दुई लाख रुपैंया) आफ्नै नाममा रहेको बैंक खातामा जम्मासमेत गरेको र बाँकी घुस/रिसवत रकम उषा किरण रोकायासमेतको निर्देशानुसार रु.१,५०,०००।—(एक लाख पचास हजार रुपैयाँ) प्रतिवादी सुरज कुँवरले सेवाग्राहीबाट बुझिलिई सकेको अवस्थामा उक्त घुस/रिसवतसहित प्रतिवादीहरु पक्राउ परेको पुष्टि भएकोले निजहरु इन्जिनियर शिव प्रसाद बराल, सव-इन्जिनियर उषा किरण रोकाया र कन्सल्टेन्सी सेवाका सुरज कुँवरको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगतको कसुर भएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.३,५०,०००।—(तीन लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।

साथै प्रतिवादी सुरज कुँवरले सेवाग्राहीबाट सव-इन्जिनियर उषा किरण रोकायासमेतको निर्देशानुसार जम्मा रु.३,५०,०००।—(तीन लाख पचास हजार रुपैंया) घुस/रिसवत लिएको पुष्टि भएको हुँदा निज सुरज कुँवरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.३,५०,०००।—(तीन लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे